# स्थानीय राजपत्र

खाँडादेवी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ३) माकादुम, रामेछाप, माघ १० गते, २०७६ साल (संख्या १५

## भाग २

## खाँडादेवी गाउँपालिका

खाँडादेवी गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**सामाजिक रुपमा पछाडी परेको सिमान्तकृत महिला, दलित, माझी, अपाङ्ग, थामी, जनजाति लगायत सिमान्तकृत वर्ग लक्षित पशुपालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६**

खाँडादेवी गाउँपालिका

**प्रस्तावना**

नेपालको पशुपन्छीपालनमा महिला, दलित, माझी, अपांग, थामि, जनजाति लगायत सिमान्तकृत वर्गको महत्वपुर्ण भुमिका भएतापनि यस क्षेत्रलाई आधुनिक प्रविधि अनुसार व्यावसायिक रुपले अगाडि बढाउनका सकिएको छैन। सिमान्तकृत वर्गको भुमिका र संलग्नतालाई मुलप्रवाहीकरण र सशक्तिकरण अप्रर्याप्त छ। यी समुदायहरुलाई समेटनका लागि नेपाल सरकारको सामाजिक रुपमा पछाडी परेको सिमान्तकृत महिला समुदाय, दलित, माझी, अपांग, थामि, जनजाति लगाएत सिमान्तकृत वर्ग लक्षित पशुपन्छी कार्यक्रमलाई व्यावस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा स्थापना रुपमा स्थापना र सञ्चालन गर्न यो कार्यविधि नेपाल सरकार पशुपन्छी विकास मन्त्रालयबाट जारी गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम " सामाजिक रुपमा पछाडी परेको सिमान्तकृत महिला, दलित, माझी, अपाङ्ग, थामी, जनजाति लगायत सिमान्तकृत वर्ग लक्षित पशुपालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६" रहेको छ।

ख) यो कार्यविधि खाँडादेवी गाउपालिकाको कार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. "खाँडादेवी गाउँपालिका" भन्नाले पशु पन्छी विकास मन्त्रालय सम्झनु पर्नेछ।

२. "शाखा" भन्नाले पशु सेवा शाखा सम्झनु पर्नेछ।

३. "कार्यविधि" भन्नाले "सामाजिक रुपमा पछाडी परेको सिमान्कृत महिला समुदाय, दलित, माझी, अपाङ्ग, थामी, जनजाति लगायत सिमान्कृत वर्ग लक्षित पशुपन्छीपालन कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधी, २०७६" सम्झनु पर्नेछ।

खाँडादेवी गाउँपालिका

**३.उद्देश्यः**

क. सिमान्तकृत समुदाय लक्षित पशुपन्छीपालन कार्यक्रम सञ्चालन गरी उनीहरुलाई पशुपालनका क्षेत्रमा सशक्तिकरण तथा मुलप्रवाहीकरण गर्ने,

ख. लक्षित वर्गको खाध तथा पोषण सुरक्षामा टेवा पोषण सुरक्षामा टेवा पुर्याउने,

ग. लक्षित वर्गलाई रोजगारीको अवसर सिर्जना गरी आर्यआर्जनका माध्यमद्धारा जिविकोपार्जनमा सुधार ल्याउने,

घ. सिमान्तकृत समुदाय लक्षित कार्यक्रमलाई मितव्ययी प्रभावकारी सरल र पारदर्शी रुपमा संचालन गर्ने।

## परिच्छेद २

## महिला, दलित, माझी, अपांग, थामि, जनजाति लगायत सिमान्तकृत वर्ग लक्षित पशुपालन कार्यक्रम

१. कार्यक्रमको क्षेत्रः

आ.व. २०७६\७६ मा यो तोकिएको वडाहरुः राकाथुम, मझुवा, भिरपानि, पकरवास ४, पकरवास ५, माकादुम, खाँडादेवी, गागल-भदौरे र पिङखुरी गरी ९ वडाहरुमा सञ्चालन हुनेछ भने कार्यक्रमको प्रभावकारीता, आवश्यकता र बजेटको उपलब्धतालाई मध्यनजर राख्दै आगामी आ.व. मा स्वीकृत कार्यक्रममा उल्लेख भए अनुसार हुनेछन्।

२. कार्यक्रमका विषयगत क्षेत्रहरु

१. बाख्रा पालन कार्यक्रम

२. बंगुर पालन कार्यक्रम

३. माछा पालन कार्याक्रम

४. कुखुरा पालन कार्याक्रम

**३. कार्यक्रम सन्चालन प्रकृया**

१स्थान छनौटः बाख्रा, बंगुर, कुखुरा र माछा पालन कार्यक्रमका लागि खाँडादेवी गाउँपालिका आर्थिक विकास शाखाको बैठकबाट निर्णय गरि स्थान गर्नेछ।

२. छनौट समितिः खाँडादेवी गाउँपालिकामा गठन गरिएको कृषि विकास समिति वा आर्थिक विकास समिति द्धारा छौनोट कार्य सम्पन्न गरिनेछ।

३. छनौट समितिको काम, कर्तव्य र अधिकारः छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) प्रकाशित सुचना अनुसार प्राप्त निवेदनका आधारमा लाभग्राहीको प्राथमिकीकरण गर्ने,

ख) लाभग्राहीको छनौट गर्ने

ग) कार्यक्रम सम्झौता गरी कार्यान्वयनकको चरण लैजाने

४. गाउँपालिका पशु विकास शाखाले स्थानिय पत्रपत्रिका वा एफ एम रेडियोबाट अनुसुची अनुसारको प्रस्ताव सम्बन्धी सुचना प्रवाह गर्नुपर्छ र सो सुचना गाउँपालिका पशु सेवा शाखामा समेत टाँस गर्नुपर्नेछ।

५. छनौट भएका वडाबाट सहयोगको लागि महिला, दलित, माझी, अपांग, थामि, जनजाति लगायत सिमान्तकृत कृषकले अनुसुची २ अनुसारको निवेदन गाउँपालिका पशु सेवा शाखामा दिन सक्नेछन।

६. प्राप्त निवेदनहरु छनौट गरी गाउँपालिका पशु सेवा शाखा स्टाफ बैठकबाट निर्णय गराई मात्र कार्यक्रम कार्यान्वयन गराउनुपर्नेछ।

५. अन्य सहायक कार्यक्रम गाउँपालिका पशु सेवा शाखाको पशु सेवा प्रसारको कार्यक्रमबाट संचालन गर्ने व्यवस्था मिलाईनेछ।

६. कार्यसंपादनका आधारमा सम्बन्धित गाउँपालिका पशु सेवा शाखाको सिफारिसमा एकै किस्तामा भुक्तानी दिने व्यवस्था मिलाईनेछ।

खाँडादेवी गाउँपालिका

## परिच्छेद ३

## महिला समुदाय, दलित, माझी, अपांग, थामि, जनजाति लगायत सिमान्तकृत वर्ग लक्षित पशुपन्छीपालन कार्यक्रम (निर्वाहमुखिबाट व्यवसायिकतातर्फ उन्मुख गर्न सम्भावित कृषक लक्षित)

**१. कार्यक्रमको क्षेत्रः**

आ.व २०७६-७७ मा यो कार्यक्रम तोकिएको वडाहरुमाः राकाथुम, मझुवा, भिरपानि, पकरवास ४, पकरवास ५, माकादुम , खाँडादेवी, गागल-भदौरे र पिङखुरी गरी जम्मा ९ वडाहरुमा सञ्चालन हुनेछ भने कार्यक्रमको प्रभावकारीता, आवश्यकता र बजेटको उपलब्धतालाई मध्यनजर राख्दै आ.व. क्रमशः थप गर्दै लगिनेछ।

**२. कार्यक्रम सञ्चालन प्रक्रिया तथा क्रियाकलापहरुः**

यो कार्यक्रममा विशेषगरी कुखुरापालन,बाख्रापालन,बंगुरपालन, माछापालन र कुखुरापालन जोड दिइने भएतापनि सम्बन्धित गाउँपालिका आर्थिक विकास समितिले आवश्यकता महसुस गरेको अन्य पशुपालन क्षेत्रमा पनि कार्यक्रम सञ्चालन गर्न उक्त समितिले सिफारिस गर्न सक्नेछ। यो कार्यक्रम सञ्चालन गर्नको लागि कार्यक्रम सञ्चालित गाउँपालिका आर्थिक विकास समितिबाट तोकिएको क्षेत्रमा प्रत्यक्ष प्राविधिक रेखदेखमा कार्याक्रमहरुलाई अगाडी बढाईने छ।

क) **कार्यक्रमबाट उपलब्ध गराईने अनुदान रकमः**

गाई, भैसी, बाख्रा, बंगुर फार्म स्थापना वा सुदृढिकरणका लागि गाई, भैसी, बाख्रा, बंगुर स्थापना वा सुदृढिकरणका लागि व्यवसाहिक कृषकको मागको आधारमा पशुपालन आयआर्जनको लागि सहयोग गर्ने प्रति कृषक स्कीम बढिमा रु २५,०००(पच्चिस हजार मात्र) वा कृषकसंग दर्ता गरी स्थायी पान नं व्यवसाय गरेमा प्रति स्कीम रु ५०,०००(पचास हजार) अनुदान प्रदान गरिनेछ साथै सामुहिक पशुपालन समुह गठन गरी पशुपालन गर्नेलाई प्रति स्कीम रु १,०००००(एक लाख ) अनुदान प्रदान गरिनेछ।

ख) अनुदान यस कार्यक्रमबाट उपलब्ध हुने रकम व्यवसायीहरु उन्नत नस्लका पशु खरिद रकम

उपयोग तथा सम्बन्धित पशुको गोठ वा खोर, निर्माण वा सुधार, जैविक सुरक्षाको लागि फेन्सिङ, डिपिङ्ग टयाङ्क क्रियाकलापहरु उपयोग गर्न सक्नेछन् तर यो रकमबाट पशुको दाना, औषधि, खनिजपदार्थ लगाएतका खपत साम्रागीहरु खरिद गर्न पाईने छैन।

**नोटः प्रस्तावले कम्तिमा अनुदान रकम बराबरको लागनी गर्नु पर्ने छ।**

## परिच्छेद ४

## सामाजिक रुपमा पछाडि परेको सिमान्कृत महिला समुदाय, दलित, माझी, अपांग, थामि, जनजाति लगायत सिमान्तकृत वर्ग लक्षित पशुपन्छीपालन कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछः

क) **प्रस्ताव आव्हानः** व्यवसायिक गाई, भैसी, बाख्रा बंगुर फार्म स्थापना वा सृदृढिकरणका लागि कार्यक्रम शाखामा प्रस्ताव आव्हान गरिनेछ। प्रस्ताव आव्हानको सुचना अनुसुची-१ बमोजिम र अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने पत्र तथा संक्षिप्त कार्ययोजना प्रस्ताव क्रमशः अनुसुची -२

ख) **छनौट भएका व्यवसायी संग सम्झौताः** शाखाद्धारा छनौट गरिएका प्रस्तावहरुलाई अनुसुचि ३ बमोजिमको दिपक्षिय सम्झौता गराईने छ।

ग) **छनौट भएका प्रस्तावकको सम्झौता गर्ने दायित्वः** आर्थिक विकास समितिकमा पेश भई स्वीकृत प्रस्तावहरुका प्रस्तावकलाई अनुदान प्रदान गर्न लागि अनुसूचि -४ बमोजिम सम्झौता गर्ने दायित्व सम्बन्धित शाखाको हुनेछ।

घ) **छनौट भएका व्यवसायीलाई रकम उपलब्ध गराउने तरिकाः** एकै किस्ता कार्ययोजना अनुसार सम्पन्न भएपछि स्थलगत प्राविधिक अनुगमन पश्चात कार्यसम्पन्न भएको सिफारिस सम्बन्धित निकायबाट प्राप्त भएपछि अनुदानग्राही वा फार्मको खातामा अनुदान रकम उपलब्ध गराईने छ।

## परिच्छेद ५

## विविध

**क) अनुगमन तथा मुल्याङ्कन**

संचालित कार्यक्रमको अनुगमन, मुल्याँङ्कन गाउँपालिका, वडा कार्यालय, पशु विकास शाखाले गर्न सक्नेछ।

ख) निर्देशन दिन सक्ने कार्यक्रम सम्बन्धमा खाँडादेवि गाउँपालिकाले , पशु सेवा शाखाले आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ

ग) **कार्वाहीको व्यवस्थाः** प्रस्ताव स्वीकृत भएका युवा कृषकहरुले स्किम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाईएमा प्रचलित ऐन, नियम तथा कानुन बमोजिम कारवाही गरी सरकारी रकम असुल उपर गरिनेछ।

घ) **प्रचलित कानुन लागु हुनेः** युवा लक्षित कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको सम्बन्धमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ।

ङ) **कार्यविधि संशोधन तथा परिमार्जनः** स्थानिय सरकार, खाँडादेवी गाउँपालिका गाउँकार्यपालिकाबाट यस कार्यविधिमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सकिनेछ।

खाँडादेवी गाउँपालिका

# अनुसूची १

**सूचना । सूचना । । सूचना । । ।**

यस कार्यालयको आ.व. २०७७|७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार लोपोन्मुख, थामी, माझी, विपन्न दलित, जनजाति, अपांग आदिवासी महिला पशुपालन कार्यक्रम रहेको ईच्छुक सम्बन्धित कृषकबाट दरखास्त आब्हानको लागि यो सूचना प्रकाशित गरीएको छ।यो सूचना प्रथम पटक प्रकाशन मितिले ३० दिनभित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनुपर्नेछ। पुनश्चः आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सुचनाद्धारा सूचित गरिन्छ।

**तपशिलः**

१) अनसूची-२ अनुसारको आवेदन फाराम

२) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

३) सम्बन्धित वडा कार्यालयबाट लोपोन्मुख, थामी, माझी, विपन्न दलित, जनजाति, अपांग, आदिवासी महिला वर्गको पहिचान हुने सिफारिस पत्र

४) लालपूर्जाको प्रतिलिपि

........................

प्रमुख प्रशासकीय अधिकृत

खाँडादेवी गाउँपालिका

## अनुसूची २

मितिः ......../....../......

श्रीमान शाखा प्रमुख,
पशुपक्षीं सेवा शाखा,

माकादुम, रामेछाप ।

**विषयः सहयोग उपलब्ध गराई दिने बारे**

मलाई पशुपन्छीपालनमा सहयोग प्राप्त गरी...................................... कार्य गर्न तत्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु। मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित गाउँपालिका भित्रै रही कार्यगर्नेछु। पुनश्चः तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संग्लग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु।

तपसिलः

१) अनसूची-२ अनुसारको आवेदन फाराम
२) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
३) सम्बन्धित वडा कार्यालयबाट लोपोन्मुख, थामी, माझी, विपन्न दलित, जनजाति, अपांग, आदिवासी महिला वर्गको पहिचान हुने सिफारिस पत्र
४) लालपूर्जाको प्रतिलिपि

<u>निवेदकको</u>

नामः

दस्तखतः

संस्था/व्यक्तिः

ठेगानाः

खाँडादेवी गाउँपालिका

## अनुसूची ३

## सम्झौता पत्रः

खाँडादेवी गाउँपालिका पशुपक्षी सेवा शाखा मार्फत संचालन गरिने आ.व ७६/७७ को स्वीकृत कार्यक्रम **सामाजिक रुपमा पछाडि परेको सिमान्कृत महिला समुदाय, दलित, माझी, अपांग, थामि, जनजाति लगायत सिमान्तकृत वर्ग लक्षित पशुपन्छीपालन कार्यक्रम** संचालन गर्न गाउँपालिका पशुपक्षिं सेवा शाखा(यस भन्दा पछाडी पहिलो पक्ष भनिने),विशिष्टाको आधारमा छनौट भएका कृषक/श्री/सुश्री/श्रीमती ..........................................(यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) बिच तपसिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ।

१) यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने कुनै पनि प्रकृतिक प्रकोप तथा अन्य आकस्मिक विपत पहिलो पक्ष जिम्मेवार हुने छैन।

२) दोश्रो पक्षले पशुपालन व्यवस्थापनको लागि गरिने सम्पुर्ण कार्यहरुको अभिलेख विवरण राखी अद्यावधिक गरिरहनु पर्ने छ।

३) दोश्रो पक्षले आफ्नो फार्मको गतिविधिको फोटोहरु पहिलो पक्ष समक्ष उपलब्ध गराउनु पर्नेछ।

४) दोश्रो पक्षले यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाइएमा विद्यमान कानुन बमोजिम कारवाहीको भागेदारी हुनुपर्ने छ।

| पहिलो पक्ष | दोश्रो पक्षः |
|---|---|
| खाडादेवी गा.पा तर्फबाट | उद्यमी वा संस्थाको तर्फबाट |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |

खाँडादेवी गाउँपालिका

मितिः

प्यान नः

संस्थाको छापः

मितिः

सम्पर्क न

बैंकको नाम र ठेगानाः

औंठाको छापः

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७६।०९।२६**
**प्रमाणीकरण मितिः २०७६।१०।१०**

**आज्ञाले,**
**महाप्रसाद दंगाल**
**प्रमुख प्रशासकीय अधिकृत**

खाँडादेवी गाउँपालिका



मूल्य रू.१०।-